| | | |
|---|---|---|
| २० | नेशनल पोष्ट(मोरङ) | १) २०६४ साउन २ गते र मंसिर ९ गते प्रकाशित चौथो पेज एउटै सामाग्रीसहित पूरै हुबहु प्रकाशित ।<br>२) २०६४ असार २७ गते (अघिल्लो आ.व.को अंक) र २०६४ मंसिर ९ गते "बिहाबारीका विज्ञापनबाट सावधान' एउटै लेख प्रकाशित ।<br>३) 'आर्थिक विकासका लागि युवाहरु उत्साहित' नामको रामसुन्दर हुमागाइँको लेख २०६४ असोज ९ र पुस २९ गते २ पटक प्रकाशित ।<br>४) शीर्षक परिवर्तन गरी प्रकाशित लेखहरु :<br>'समाजमा गाउँले महिलाको अदालत' शीर्षकको लेख २०६४ भदौ १९, मंसिर १६ र बैशाख १ गते प्रकाशित । उही लेख 'नेपालमा पनि महिलाहरुका लागि अदालत' शीर्षकमा २०६४ कात्तिक २१ गते प्रकाशित । जम्मा ४ पटक 'यौनचित्रहरुभित्र लुकेको आकृति' शीर्षकको २०६४ चैत १० गते प्रकाशित लेख २०६४ मंसिर ८ गते 'टुँडाल अंकित यौन आकृतिहरु' शीर्षकमा प्रकाशित ।<br>५) 'राजा बारेको निर्णय भारतको पोल्टामा' शीर्षकको लेख २०६४ फागुन २६ को अंकमा गणेशप्रसाद सिवाकोटी लेखकको नामबाट प्रकाशित । पछि उही लेख हुबहु २०६४ चैत ३ गते गणेश क्षेत्रीको नामबाट प्रकाशित । पुस १ को अंकमा पनि गणेश क्षेत्रीको नामबाट प्रकाशित । पाठकलाई झुक्याउने नियत प्रष्ट ।<br>६) 'एनजीओ मागी खाने भाँडो' शीर्षकको लेख २०६४ साउन ९ गते देवेन्द्र थापाको नामबाट र २०६४ मंसिर १६ र चैत १७ गतेको अंकमा गणेशप्रसाद सिवाकोटीको नामबाट हुबहु प्रकाशित ।<br>७) अमरेशनारायण झा (चैत ३ र २४ गते), डा. पुरु कोइराला (साउन ९ र कात्तिक १४), प्रभाकर (साउन ९, मंसिर १६ र माघ २७ गते) का लेखहरु पटकपटक हुबहु प्रकाशित ।<br>८) वैशाख २२ र असार २९ गते प्रकाशित अकेला श्रेष्ठको लेख दुईपटक शिर्षक परिवर्तन गरी हुबहु ।<br>९) चैत्र ३ को सम्पादकीय असार ८ गतेको अन्तिम पेजमा पुन हुबहु प्रकाशित ।<br>१०) वैशाख २२ मा प्रकाशित राजेन्द रायको 'मधेसी जागरणको राजनीतिक अर्थशास्त्र' लेख असार १ गते फेरि हुबहु प्रकाशित ।<br>**नोट** : मूल्यांकनगर्दा चाल नपाओस् भन्ने मनसायले कतिपय लेखको अनुच्छेद तलमाथि गर्ने र लेखको पूरा अंश प्रकाशित नगर्ने, लेखकको नामै परिवर्तन गर्ने जस्ता प्रवृत्ति प्रष्टरुपमा देखिएको छ । |